
## सञ्चालन गर्न सकिने मूख्य मूख्य कृयाकलापहरू

- सार्वजनिक उद्यान, पार्क निर्माण
- सार्वजनिक पोखरी निर्माण, भैरहेका पोखरी संरक्षण, बुह उपयोगी पोखरी निर्माण, पानीको मुहान संरक्षण
- खाली पर्ति जग्गाको संरक्षण तथा त्यसमा रूख बिरूवा हुर्काउन लाग्ने खर्च
- नगरको प्रत्येक वडामा तथा गा.वि.स.मा एउटा नर्सरी स्थापना गर्न
- भू-क्षय/बाढी पहिरो नियन्त्रण, नदी कटान
- क्षेत्रमा बाँस, अम्लिसो आदी जस्ता माटो संरक्षण सम्बन्धि
- पानीको मुहान संरक्षण सम्बन्धी कार्य गर्न, Water Recharge System मा सहयोग गर्न
- फोहरमैला व्यवस्थापनमा सहयोग ( फोहरको पुनः प्रयोग, फोहरबाट उर्जा उत्पादन,
- सार्वजनिक स्थलमा कुहिने र नकुहिने फोहरहरु राख्नको लागि आवश्यक विनहरु, सहरी क्षेत्रमा समुदाय मिली फोहरबाट कम्पोष्ट मल



चप्पन जनज्योती स्मृती पोखरी, त्रियुगा नगरपालीका

## कार्यक्रमको मुख्य अपेक्षित उपलब्धीहरू

| विवरण | इकाई | लक्ष्य |
|---|---|---|
| वातावरणमैत्री घरधुरी घोषणा | वटा | १०२५०० |
| वातावरणमैत्री वडा घोषणा | वटा | २०२ |
| पोखरी निर्माण तथा संरक्षण | वटा | ४९० |
| सडक सौर्य बत्ती | वटा | ५६०० |
| सौर्य बत्ती (घरधुरी) | वटा | १६०० |
| सुधारिएको चुल्हो | वटा | २४७०० |
| पार्क निर्माण तथा संरक्षण | वटा | ३०० |
| वृक्षारोषण | वटा | ११२०००० |
| नर्सरी | वटा | १२० |
| स्मृति बाटिका | वटा | ३४ |
| सार्वजनिक शौचालय | वटा | २२३ |
| शौचालय (घरधुरी) | वटा | १०००० |
| खाली प्रति जग्गा संराण | हेक्टर | १२४ |
| फोहरमैला व्यवस्थापन कार्यक्रम (समुदायमा आधारित) | वटा | ९ |
| डष्टविन/कन्टेनर | वटा | २३००० |
| खानेपानी मुहान संरक्षण | वटा | २५० |
| गोठ सुधार | घरधुरी | ८०९९ |
| शिपमूलक तालिम | जना | १३७७२ |
| समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम | वटा | ८९५ |


नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**वातावरणमैत्री स्थानीय शासन कार्यक्रम**
हातीसार, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-४४२९७२९
ई-मेल ठेगाना : eflgfp@gmail.com
Website : www.eflgp.gov.np


# वातावरणमैत्री स्थानीय शासन कार्यक्रम









UKaid from the British people

## पृष्ठभूमि

**वातावरणमैत्री स्थानीय शासन प्रारूप :**

वातावरण, जनसंख्या, गरिवी र विकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गरी वातावरण संरक्षण र दिगो विकास गर्न स्थानीयस्तरदेखि नै जिम्मेवारी बोधका साथ जागरूकता ल्याउन नेपाल सरकारले २०७०/६/२३ मा वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

स्थानीय निकायको नेतृत्वदायी भूमिकामा वातावरणमैत्री स्थानीय शासन प्रारूपका सूचकहरु हासिल गरी घरपरिवार, टोलबस्ती, वडा, गाउँ तथा नगर एवं जिल्ला हुँदै देशलाई नै वातावरणमैत्री बनाउने वृहत उद्देश्य प्रारूपले लिएको छ ।

**वातावरणमैत्री स्थानीय शासन कार्यक्रम :**

कोशी तथा गण्डकी जलाधार क्षेत्रका १४ जिल्लामा पर्ने ५४ वटा नगरपालिकाहरु र ६० गा.वि.स. (एक जिल्लामा पाँच गा.वि.स का दरले) १४ जिल्लमा वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० लाई कार्यान्वयन गर्ने उद्देश्यले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आर्थिक बर्ष २०७१/०७२ बाट वातावरणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा आएको छ । यो कार्यक्रम आ.व. ०७१/७२ मा प्रारम्भ भै आ.व. ०७३/७४ मा सम्पन्न हुनेछ । यस कार्यक्रम कार्यान्वयन गर्न बेलायत सरकार (DFID) ले १५ मिलियन पाउण्ड (15 million pound) नेपाल सरकारलाई अनुदान उपलब्ध गराउनेछ भने नेपाल सरकारले समेत रकम उपलब्ध गराउनेछ ।

## कार्यक्रम कार्यान्वयन भएका स्थानीय निकायहरू

| सि.नं. | जि.वि.स. | न.पा. | गा.वि.स. |
|---|---|---|---|
| १. | गोरखा | गोरखा, पालुङ्गटार | सिम्जुङ्, ध्याचोक, बारपाक, देउराली, मनकामना |
| २. | लमजुङ | बेशीशहर, सुन्दरबजार | ईलमपोखरी, घेर्मु, ताघ्रिङ, पसगाउँ, भोजे |
| ३. | कास्की | पोखरा (उप.), लेखनाथ | सार्देखोला, थुम्की, भदौरे तमागी, पार्चे, ढिकुरपोखरी |
| ४. | चितवन | भरतपुर, रत्ननगर, खैरहनी, चित्रवन, नारायणी, माडी | लोथर, सिद्धि, शक्तिखोर, चण्डीभञ्ज्याङ्, दाहाखानी |
| ५. | नवलपरासी | रामग्राम, कावासोती, देवचुली, वर्दघाट, गैडाकोट, सुनवल | कोलवा, त्रिवेणी सुस्ता, धौवादी, पाल्ही, तम्सरिया |
| ६. | सप्तरी | राजविराज, शम्भुनाथ, कञ्चनरूप, सप्तकोशी | भारदह, लालापटी, तेरहौता, छिन्नमस्ता, हरिपुर |
| ७. | सिराहा | सिराहा, मिर्चैया, लहान, गोलबजार | गाढा, सन्हैठा, सुखिपुर, भोक्राहा, कल्याणपुर का.व. |
| ८. | सर्लाही | मलंगवा, हरिवन, लालबन्दी, ईश्वरपुर | कालिन्जोर, चन्द्रनगर, सेखौना, बलरा, भवानीपुर |
| ९. | धनुषा | जनकपुर (उप.), धनुषाधाम, क्षिरेश्वरनाथ, गणेशमान चारनाथ, मिथिला, सबैला | तुल्सि, सिंग्याही मडान, वनिनियाँ, ठाडि झिझा, कचुरी ठेरा |
| १०. | उदयपुर | त्रियुगा, कटारी, बेल्टार-बसाहा | पञ्चावती, रौता, आँपटार, जोगीदह, सुन्दरपुर |
| ११. | रौतहट | गौर, चन्द्रपुर, गरूडा | राजदेवी, राजापुर फरहदवा, जिगङवा वेलविछवा, राढो, कनकपुर |
| १२. | सिन्धुली | कमलामाई, दुधौली | भुवनेश्वरी, भिमस्थान, डाँडी गुराँसे, वितिजोर, भद्रकाली |
| १३. | काभ्रेपलाञ्चोक | पाँखखाल, दाप्चा-काशीखण्ड, पनौती, बनेपा, धुलिखेल | |
| १४. | तनहुँ | बन्दीपुर, आँबुखैरनी, शुक्लागण्डकी, व्यास, भानु | |

यस कार्यक्रमको लक्ष्य स्थानीय तहमा वातावरणमैत्री शासनको अवलम्बन गर्दै जलवायु परिवर्तन अनुकुलन तथा वातावरणमैत्री समाजको विकास गरी गरिवी न्युनिकरणमा सहयोग पुऱ्याउनु रहेको छ ।

यस कार्यक्रमको उद्देश्य वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन एवं विपद् व्यवस्थापनको लागि एकीकृत योजना बनाई विपद् तथा जलवायु परिवर्तनको कारण जोखिममा रहेका मानिसहरूको जलवायु अनुकुलन क्षमता विकास गर्नु रहेको छ ।

यस कार्यक्रमले नगरपालिकाका १०० वटा वडाहरु र गाउँ विकास समितिका १०० वटा वडालाई वातावरणमैत्री घोषणा गरी कम्तीमा १ लाख घरधुरी वातावरणमैत्री घरपरिवारका रूपमा रूपान्तरण गरिने लक्ष्य लिएको छ ।

## अपेक्षित उपलब्धीहरू (Outcome)

१. स्थानीय निकाय, विषयगत कार्यालयहरु र नागरिक समाजको जलवायु परिवर्तन अनुकुलन तथा वातावरणमैत्री शासन प्रणाली अवलम्बन गर्ने क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन तथा विपद् जोखिममा रहेका मानिसहरूको अनुकुलन क्षमता बढाउने ।

२. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि एकीकृत योजना तर्जुमा प्रकृया अवलम्बन गर्ने ।

३. स्थानीय समुदायको जिविकोपार्जनमा सुधार ल्याउनको लागि जलवायु परिवर्तन अनुकुलन, वातावरण र विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

## सुचकको परिचय

वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० मा उल्लेख भएका सूचकहरू हासिल भएमा वातावरणमैत्री घरदेखि जिल्लासम्म घोषणा गर्न सकिने प्रावधान रहेको छ । ती सूचकहरूको निम्न अनुसार वर्गिकरण गरिएको छ ।

- **आधारभूत सूचकः** वातावरणमैत्री घोषणा हुनको लागि घरपरिवारदेखि जिल्लासम्म अनिवार्य रूपमा आधारभूत सूचक पुरा गर्नुपर्ने छ ।
- **विकसित सूचकः** वातावरणमैत्री घोषणा हुनको लागि यी सूचकहरू पुरा गर्नु अनिवार्य नभएतापनि थप स्तरीकरण (तारा) को लागि पुरा गर्नुपर्ने छ ।

**नगर क्षेत्र**

| तह | आधारभुत सूचक संख्या | विकसित सूचक संख्या | जम्मा सूचक |
|---|---|---|---|
| घरपरिवार तह | १६ | ९ | २५ |
| टोल तह | ९ | ४ | १३ |
| वार्ड तह | १३ | १५ | २८ |
| नगर तह | १८ | ५३ | ७१ |

**गाउँ विकास क्षेत्र**

| तह | आधारभुत सूचक संख्या | विकसित सूचक संख्या | जम्मा सूचक |
|---|---|---|---|
| घरपरिवार तह | १६ | ८ | २४ |
| वार्ड तह | ११ | १३ | २४ |
| गाविस | ३१ | ३० | ६१ |



चण्डीभञ्ज्याङ लामो झरना संरक्षण, चितवन